नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं
(अध्ययन, अनुसन्धान तथा खानेपानी शाखा)

पत्र संख्याः

चलानी नं.

मितिः२०८२/०७/०९

**विषयः विकास पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।**

राष्ट्रिय योजना आयोगबाट नियमित रूपमा प्रकाशन हुने "विकास" पत्रिकाको वर्ष ४२ अंक १ प्रकाशन हुन गईरहेको हुँदा उक्त अंकमा लेख रचना समावेश गर्न ईच्छुक हुने विद्वान लेखक महानुभावहरूले देहायमा उल्लेखित विषयक्षेत्र तथा ढाँचामा यही मिति २०८२ साल कात्तिक ३० गतेभित्र यस आयोगको इमेल ठेगाना vikas@npc.gov.np मा प्राप्त हुने गरी पठाउनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**१. विषयक्षेत्रहरू**

अर्थतन्त्र र विकास सम्बन्धी समसामयिक विषयका नीति, योजना, कार्यक्रम एवम् आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनसँग सम्बद्ध मौलिक, खोजमूलक, विचारमूलक तथा अनुसन्धानमूलक/तथ्यमूलक विषयहरू ।

**२. लेख/रचनाको ढाँचा**

(क) सार (Abstract)- बढीमा २०० शब्दमा हुनुपर्ने ।

(ख) पृष्ठभूमि (Background)

(ग) मुख्य विषयवस्तु/विश्लेषण (Analysis)

(घ) निष्कर्ष (Conclusion)

(च) सन्दर्भ सामग्री (References)

**३. अन्य सान्दर्भिक विषयहरू**

- लेखक तथा सहलेखकको संक्षिप्त परिचय, इमेल, मोबाइल नम्बर र आबद्ध संस्था भएमा सोको समेत नाम र पद उपलब्ध गराउनु पर्नेछ।
- लेख/रचनाहरू कम्तिमा ३००० देखी बढीमा ५००० शब्दमा लेखिएको हुनुपर्दछ।
- व्याकरणीय शुद्धता र भाषा सम्पादन लेखक स्वयंले गर्नुपर्नेछ।
- लेख/रचनामा सन्दर्भ सामग्री प्रचलित APA ढाँचा (7th Edition) मा उल्लेख गर्नुपर्नेछ ।
- लेख/रचनाहरू नेपाली भाषामा भए यूनिकोड (कालीमाटी फन्ट - ११) तथा अंग्रेजी भाषामा भए Times New Roman फन्ट (१२) मा हुनुपर्नेछ। साथै पृष्ठको देब्रेतर्फ १.५ इन्च र अन्यमा १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ ।

__पुनश्चः__ उल्लेखित ढाँचामा नभएका लेख रचनाहरू प्रकाशन गरिने छैन। पत्रिकामा प्रकाशनार्थ प्राप्त लेख रचनाहरू स्वीकार गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा रहनेछ। प्रकाशित लेखरचनाका लागि नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसारको पारिश्रमिक उपलब्ध हुनेछ। यस पत्रिकामा प्रकाशनको लागि पठाइएका लेख रचनाहरू अन्यत्र प्रकाशन नभएको हुनुपर्नेछ र अन्यत्र प्रकाशन गर्नुपरेमा सम्पादक मण्डलको पूर्वस्वीकृति लिनुपर्नेछ ।

२०८२/०७/९
(प्रमिला डे.ओ.)
यो. अ.

फोन नं.: ४२११००४, ४२११०३२, ४२११९३२, ईमेलः npc@npc.gov.np, वेबसाईटः www.npc.gov.np